# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

सातदोबाटो, ललितपुर

**र**

# सामाजिक सुरक्षा कोष

थापाथली, काठमाडौं

**बिच भएको**

## " सामाजिक सुरक्षा प्रणाली कार्यान्वयनका लागि समझदारीपत्र "

**(Memorandum of Understanding for Implementation of Social Security System)**

२०८२ असार ३०

## १. समझदारी पत्रका पक्षहरु

### १.१ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

नेपालमा लेखा व्यवसायको विकास तथा सम्बर्द्धन गर्न तथा लेखा व्यवसायको नियमनकारी निकायको रुपमा कार्य गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ (बि सं २०५३ को ऐन नं २२) को दफा ३ बमोजिम नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (यस पछि सस्था वा आइक्यान भनिएको) स्थापना भएको हो । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ५ बमोजिम संस्थाका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) राष्ट्रको आर्थिक विकास गर्नको निमित्त लेखा व्यवसायको सुदृढीकरण गरी विकसित गदै लैजान सदस्यलाई आचार संहिताको परिधि भित्र रही लेखा व्यवसाय गर्न उत्प्रेरित गर्ने नियमनकारी निकाय (रेगुलेटरी बडी) को भूमिका निर्वाह गर्ने।

(ख) लेखाको महत्व तथा लेखा व्यवसायीको आर्थिक एवं सामाजिक उत्तरदायित्व प्रति जनचेतना जगाई लेखा व्यवसायको सम्बन्धमा सामाजिक मान्यता तथा विश्वास अभिवृद्धि गर्ने ।

(ग) लेखा व्यवसाय र लेखाको महत्व प्रति लेखा व्यवसायीको उत्तरदायित्व बोध गराई लेखा व्यवसायको विकास, संरक्षण र सम्वर्द्धन गरने।

(घ) लेखा व्यवसायलाई मर्यादित र विश्वासिलो बनाउन लेखा व्यवसायीको दर्ता, योग्यता तथा परीक्षा प्रणालीलाई अन्तरराष्ट्रिय मान्यता र प्रचलन अनुरूप विकसित गर्ने ।

### १.२ सामाजिक सुरक्षा कोष

सामाजिक सुरक्षा कोषको स्थापना सामाजिक सुरक्षा (व्यवस्थापन कोष तथा सञ्चालन ) नियमावली, २०६७ अनुसार २०६७ साल चैत्र ७ गते गरिएको हो। प्रारम्भमा सामाजिक सुरक्षा करको व्यवस्थापन गर्ने उद्देश्य रहेको यस कोषले, हाल योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा योजनाहरू सञ्चालन गर्दै आएको छ।

कोषको उद्देश्य श्रमिकको सामाजिक सुरक्षाको संवैधानिक हक सुनिश्चित गर्नु, आर्थिक तथा सामाजिक जोखिम न्यूनीकरण गर्नु तथा सर्वव्यापी सामाजिक सुरक्षा प्रणाली विकास गर्नु हो। औपचारिक, वैदेशिक, अनौपचारिक र स्वरोजगार क्षेत्रका श्रमिकहरूलाई समेट्ने व्यवस्था रहेको यस कोषले योगदान संकलन, सूचीकरण, स्वास्थ्य सेवा सञ्जाल विस्तार, दाबी भुक्तानी व्यवस्थापन लगायतका कार्य प्रविधिमैत्री तरिकाले गर्दै आएको छ।

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २० बमोजिम सबै रोजगारदाताहरूलाई कोषमा आबद्ध गराउने सुनिश्चितता गर्न निम्न मुख्य लक्ष्यहरू रहेका छन्।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सामाजिक सुरक्षा कोष २०६७ काठमाडौं, नेपाल



नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था २०५३

(क) योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने,

(ख) राज्यको सामाजिक सहायतालाई क्रमशः योगदानमा आधारित स्तरमा रूपान्तरण गर्ने,

(ग) औपचारिक श्रम बजारको विस्तार गर्दै श्रमिकहरूको सामाजिक सुरक्षाको संरक्षण सुनिश्चित गर्ने,

(घ) स्वास्थ्य, पेन्सन, दुर्घटना, अपाङ्गता र मातृत्व सम्बन्धी जोखिम बीमा जस्ता सुविधाहरूको पहुँच विस्तार गर्ने,

(ङ) ऐनको परिकल्पना अनुसार सबै श्रमिकहरूले गुणस्तरीय स्वास्थ्य सेवादेखि पेन्सनसम्मका सामाजिक सुरक्षाका सुविधाहरू प्राप्त गर्न सक्ने व्यवस्था सुनिश्चित गर्ने,

(च) समावेशी, समन्यायिक र दिगो सामाजिक सुरक्षा प्रणालीको स्थापना तथा विस्तार गर्ने।

## २. आपसी समझदारीपत्रको अवधारणा

उपरोक्त उद्देश्यहरूबीचको सामञ्जस्यतालाई आत्मसात गर्दै, सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन तथा लेखा पेशाका पेशागत मूल्य-मान्यतासहित सामाजिक सुरक्षाको सुनिश्चितता गर्न दुवै संस्था बीच सामाजिक सुरक्षा कार्यान्वयनका लागि रणनीतिक सहकार्य कायम गर्ने उद्देश्यले यो आपसी समझदारीपत्रमा हस्ताक्षर गरिएको हो।

## ३. समझदारीपत्रको उद्देश्य

संस्था तथा कोषबीच भएको यस समझदारी पत्रको उद्देश्य लेखा, लेखाव्यवसाय, वित्तीय व्यवस्थापन, योगदानमा आधारित सामाजिक सुरक्षा कोष तथा समग्र सामाजिक सुरक्षा प्रणालीको परिपालनासँग सम्बन्धित विषयहरूमा आपसी सहकार्य, प्राविधिक सहयोग तथा ज्ञान र अनुभवको आदान-प्रदान गर्ने रहेको छ।

## ४. सामाजिक सुरक्षा प्रणालीको परिपालनासँग सम्बन्धित विषयहरूमा आपसी सहकार्य, प्राविधिक सहयोग सम्बन्धी व्यवस्था

4.1 सामाजिक सुरक्षा प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि नीतिगत तहमा कोषद्वारा सञ्चालित योजनाहरू, लेखा प्रणाली, तथा लगानीसँग सम्बन्धित नीतिगत, प्राविधिक र परामर्शात्मक सहयोग प्रदान गर्ने ।

4.2 आपसी सहकार्यमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ अन्तर्गत कानुनी व्यवस्थाहरूको सही अनुपालनका लागि परामर्श र प्राविधिक सहयोग आदानप्रदान गर्ने।

4.3 नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन २०५३ बमोजिम स्थापित लेखापरीक्षण फर्महरूलाई सामाजिक सुरक्षा कोषमा दर्ता भई योगदान गर्न प्रोत्साहित गर्ने ।

4.4 श्रम बजारलाई गतिशील र सन्तुलित बनाउने उद्देश्यले, श्रम ऐन, २०७४ बमोजिम सामाजिक सुरक्षा कोषमा गर्नुपर्ने योगदानको कार्यान्वयन सम्बन्धी व्यवस्था कार्यान्वयनमा सहयोग पुऱ्याउने।

4.5 लेखापरीक्षण प्रतिवेदनमा संस्थाले सामाजिक सुरक्षा कोषमा दर्ता र योगदान गरेको वा नगरेको अवस्थालाई स्पष्ट रूपमा उल्लेख गर्ने सम्बन्धमा संयुक्त रूपमा मार्गदर्शन तथा प्राविधिक सहायता प्रदान गर्ने ।

4.6 सामाजिक सुरक्षा कोषसम्बन्धी प्रावधानहरूबारे जानकारी नभएका संस्थाहरूलाई जानकारी गराउने तथा परामर्श प्रदान गर्ने उद्देश्यले संयुक्त अभिमुखीकरण, तालिम तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

4.7 सामाजिक सुरक्षा प्रणालीलाई सुदृढ बनाउन लेखापरीक्षण पेशामा देखिएका व्यवहारिक पक्षहरू साझा गर्ने, अनुभव आदानप्रदान गर्ने तथा आवश्यक नीति सुधारमा सल्लाह प्रदान गर्ने विषयमा संस्था र सामाजिक सुरक्षा कोषबीच निरन्तर सहकार्य गर्ने ।

4.8 रोजगारदाता/संस्थाहरूलाई श्रम ऐन २०७४ तथा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को अनुपालना सम्बन्धी तालिम तथा परामर्श आवश्यक परेमा संस्थाका सदस्यहरूले परामर्श सेवा प्रदान गर्न सक्ने व्यवस्था मिलाउन सहजीकरण गर्ने ।

**५. सम्पर्क व्यक्ति**

यस समझदारी पत्रको कार्यान्वयनलाई प्रभावकारी बनाउन संस्था तथा कोषको तर्फबाट हाललाई निम्नानुसारका अधिकार प्राप्त व्यक्तिहरूलाई सम्पर्क व्यक्ति रूपमा तोकिएको छ । उल्लिखित व्यक्ति परिवर्तन भएमा एक अर्का निकायलाई जानकारी गराउनुपर्नेछ ।

| निकाय | सम्पर्क व्यक्तिको नाम | पद | सम्पर्क नं. | ईमेल ठेगाना |
|---|---|---|---|---|
| **नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था** | सि.ए. किरण कुमार खत्री | निर्देशक | ९८५१०६८३७१ | kiran.khatri@ican.org.np |
| **सामाजिक सुरक्षा कोष** | कृष्ण अधिकारी | उप कार्यकारी निर्देशक | 9851217892 | krishnaadhikari@ssf.gov.np |

**६. समझदारीपत्रको कार्यान्वयन / प्रारम्भ**

यस समझदारी पत्रमा दुवै पक्षका अधिकार प्राप्त प्रतिनिधिहरुले हस्ताक्षर गरिसके पश्चात् लागू हुनेछ । यस समझदारीमा कुनै थपघट वा संशोधन गर्नु परेमा आवश्यकतानुसार दुवै पक्षले आपसी समझदारीमा थपघट वा संशोधन गर्नेछन्।

**७. गोपनीयता सम्बन्धी व्यवस्था**

संस्था तथा कार्यालयले यस समझदारी पत्रको कार्यान्वयन गर्ने क्रममा प्राप्त गोप्य जानकारी तथा सूचना प्रचलित कानून बमोजिम गोपनीयता कायम राख्नुपर्नेछ।

**८. समझदारी पत्रको अवधि**

यस समझदारी पत्रको अवधि हस्ताक्षर गरिएको मितिले लागू भई दुवै पक्ष वा कुनै एक पक्षले अन्त्य नगरे सम्म निरन्तर कायम रहनेछ।

**हस्ताक्षरकर्ताहरू**

संस्थाको तर्फबाट

**सिए. विमल डंगोल**
कायर्कारी निर्देशक
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
सातदोबाटो, ललितपुर

कोषको तर्फबाट

**सिए. कविराज अधिकारी**
कार्यकारी निर्देशक
सामाजिक सुरक्षा कोष
थापाथली, काठमाडौं

**रोहवर**

**विनोद प्रसाद न्यौपाने**
निर्देशक
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

**रोहवर**

**कृष्ण अधिकारी**
उप कार्यकारी निर्देशक
सामाजिक सुरक्षा कोष

**मिति: २०८२/०३/३०**